नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७७-०३-२२ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आजको मापन अनुसार कन्काई, कोशी,कमला,बागमती,पश्चिम राप्ती,बबई,कर्णाली लगायतमा बहाव बढ्दो छ तर सबैमा सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार २२ (सोमबार)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती,बबई लगायतमा बहाव बढ्दो हुने र बहाव सतर्कता भन्दा तलै हुने संभावना। आज बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने केहिमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने।
- आज सप्तरी, सिराहा,धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, मकवानपुर, नुवाकोट, रसुवा, धादिङ, गोरखा, लमजुङ, तनहूँ, कास्की, स्याङजा, बागलुङ, पर्वत,म्याग्दी, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, जाजरकोट, सुर्खेत, दैलेख, ,कैलाली, कञ्चनपुर, अछाम,डोटी बझाङ, बाजुरा, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्ने तथा केहिमा सतर्कता आसपास पुग्न सक्ने।

पूर्वानुमान भोलि : असार २३ (मंगलबार)

- भोलि कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य बढ्दो क्रममा हुने, कोसी र नारायणीमा सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने।
- भोलि कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव सामान्य घटबढ हुने तथा सतर्कता तलै हुने।
- भोलि बागमती, कर्णाली र सुदुरपश्चिम प्रदेशको मध्यपहाडी भु-भाग भई बहने प्राय सबै स-साना नदीहरूमा बहाव बढ्ने तथा कर्णाली र सुदुरपश्चिम प्रदेश प्रदेश भई बहने स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने।

पूर्वानुमान पर्सी : असार २४ (बुधबार)

- पर्सी कर्णाली, महाकालीमा बहाव बढ्दो क्रममा हुने, कोसी र नारायणीमा सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने।
- पर्सी कन्काई,कमला,बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। कमला नदी, मोहना, मछेली लगायतका नदीमा स-साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने।
- पर्सी प्रदेश २, ५, कर्णाली र सुदुरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीहरूमा बहाव बढ्ने तथा सुदूरपश्चिम प्रदेश भई बहने स-साना नदीमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन प्रमूख र मझौला नदीहरू कोशी, नारायणी, कर्णाली, महाकालीमा, कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्ने, सबैमा बहाव सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान रहेता पनि सतर्कता तह आसपास पुग्न सक्ने भएकाले नदीतटिय क्षेत्रका कार्यहरू नगर्न वा उच्च सतर्कता साथ गर्नहुन अनुरोध छ।
- आज कन्काई, बागमती, कमला,पश्चिम राप्ती र बबईमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने तर बागमती, कमला, तिनाउ,पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रका कार्यहरू उच्च सतर्कता साथ गरौ।
- आज सप्तरी, सिराहा,धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, मकवानपुर, नुवाकोट, रसुवा, धादिङ, गोरखा, लमजुङ, तनहूँ, कास्की, स्याङजा, बागलुङ, पर्वत,म्याग्दी, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, जाजरकोट, सुर्खेत, दैलेख, ,कैलाली, कञ्चनपुर, अछाम,डोटी बझाङ, बाजुरा, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्ने तथा बागमती, गण्डकी र प्रदेश ५ भई बहने स-साना नदीमा सतर्कता आसपास सम्म पनि पुग्न सक्ने पूर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।
- **आगामी असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने, असार २६ -२९ सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसको सहायक नदी लगायत प्रदेश १ र २ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहावले सतर्कता तह पार गरी खतरा तह आसपास पुग्न सक्ने संभावना रहेकाले संभावित उच्च जोखिमको सामना गर्न पूर्वतयारीलाई प्राथमिकता दिन अनुरोध छ । साथै आगामी ३ दिन पछि नदितटिय क्षेत्रका निर्माण कार्य नगर्न हुन समेत अनुरोछ।**
- *बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं। विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं।

नोट: **पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिम संकेत गर्छ।**

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

Forecast References:

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग

मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)

(जारी मितिः २०७७-०३-२२, विहान ०६:०० बजे)

मौसम विश्लेषण (Meteorological Analysis):-

हाल देशभर मनसुनी वायु को प्रभाव रहेको छ । साथै भारतको उत्तर प्रदेशको उत्तर-पूर्वी भू-भाग नजिक निम्न चापिय क्षेत्र रहेको छ ।

हालको मौसमको अवस्था (Present Weather Status):

हाल देशभर सामान्य देखि पूर्ण बदली रही प्रदेश न १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ र कर्णाली प्रदेशका हिमाली क्षेत्रका केहि स्थानहरुमा हल्का वर्षा भईरहेको छ ।

आगामी तीन दिनको मौसम पूर्वानुमान

असार २२ गते (सोमबार)

दिउँसोः देशभर अधिकांश क्षेत्रमा बदली रहनेछ । सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेश, प्रदेश ५, गण्डकी प्रदेश र बागमती प्रदेशका धेरै स्थानहरुमा र प्रदेश १, प्रदेश २ का केहि स्थानहरुमा मेघगर्जन /चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश ५, गण्डकी प्रदेश र प्रदेश न १ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

रातीः देशभर साधारणतया बदली रहनेछ । प्रदेश ५, गण्डकी प्रदेश र बागमती प्रदेशका केही स्थानहरुमा र प्रदेश १, प्रदेश २, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका धेरै स्थानहरुमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश ५, गण्डकी प्रदेश र बागमती प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

असार २३ गते (मंगलबार)

दिउँसोः देशभर साधारणतया बदली रहनेछ । सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेश, प्रदेश ५, गण्डकी प्रदेश र बागमती प्रदेशका धेरै स्थानहरुमा र प्रदेश १, प्रदेश २ का केहि स्थानहरुमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। कर्णाली प्रदेश, प्रदेश ५ र गण्डकी प्रदेश का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

रातीः देशभर साधारणतया बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सुदुर पश्चिम प्रदेश, प्रदेश ५, गण्डकी प्रदेश, प्रदेश २ र प्रदेश १ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

असार २४ गते (बुधबार)

दिउँसोः देशभर साधारणतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सुदुर पश्चिम प्रदेश र कर्णाली प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

रातीः देशभर साधारणतया बदली रही सुलुरुका केही स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । बागमती प्रदेश, प्रदेश २ र प्रदेश १ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
5) *RIMES Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*

6) *DHM Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform(Stream Flow Prediction HIWAT tool for Nepal (3 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (WMO-HRC, US)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।